# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) हेटौंडा, मकवानपुर, वैशाख १३ गते, २०७८ साल (सङ्ख्या १

## भाग २

प्रदेश सरकार

## सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश, हेटौंडाको

## <u>सूचना</u>

**<u>प्रदेशभित्रका अस्पतालको सञ्चालन र व्यवस्थापन (पहिलो संशोधन)</u>**
**<u>आदेश, २०७८</u>**

**<u>प्रस्तावना:</u>** प्रदेशभित्रका अस्पतालको सञ्चालन र व्यवस्थापन आदेश, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेश सरकारले यो आदेश बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस आदेशको नाम "प्रदेशभित्रका अस्पतालको सञ्चालन र व्यवस्थापन (पहिलो संशोधन) आदेश, २०७८" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>प्रदेशभित्रका अस्पतालको सञ्चालन र व्यवस्थापन आदेश, २०७५ को दफा २ मा संशोधनः</u>** प्रदेशभित्रका अस्पतालको सञ्चालन र व्यवस्थापन आदेश, २०७५ (यस पछि "मूल आदेश" भनिएको) को दफा २ को,-

(१) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) "अस्पताल" भन्नाले प्रदेश सरकार मातहत सञ्चालन भएका तथा बागमती प्रदेश सरकार मातहत रहने भनी तोकी आएका तथा पछि थप हुन आउने अस्पताललाई सम्झनु पर्छ र सो शब्दले प्रदेश मातहतका आयुर्वेद स्वास्थ्य सेवा उपलब्ध गराउने सबै आयुर्वेद स्वास्थ्य केन्द्र/ आयुर्वेद औषधालय र पछि थप हुन आउने आयुर्वेद अस्पताललाई समेतलाई जनाउँछ।"

(२) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) "प्रदेश" भन्नाले बागमती प्रदेशलाई सम्झनु पर्छ।"

(३) खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः-

"(छ) "समिति" भन्नाले अस्पताल/आयुर्वेद अस्पताल/ आयुर्वेद स्वास्थ्य केन्द्र/आयुर्वेद औषधालयको

लागि दफा ३ बमोजिम गठन हुने सञ्चानल तथा व्यवस्थापन समिति सम्झनु पर्छ।"

३. **मूल आदेशको दफा ३ मा संशोधन**: मूल आदशको दफा ३ को,-

(१) उपदफा (१) मा रहेको "व्यवस्थापन गर्न" भन्ने शब्द पछि "प्रत्येक अस्पताल तथा आयुर्वेद अस्पताल/ आयुर्वेद स्वास्थ्य केन्द्र/आयुर्वेद औषधालयमा" भन्ने शब्द राखिएको छ।

(२) उपदफा (२) को ,-

(क) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) प्रतिनिधि, सम्बन्धित जिल्लाको प्रदेश लेखा इकाई कार्यालय - सदस्य"

(ख) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) सम्बन्धित अस्पतालको नर्सिङ्ग प्रमुख/ आयुर्वेद स्वास्थ्य संस्थाको हकमा कविराज/ वैद्य - सदस्य"

(ग) खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः-

"(छ) सम्बन्धित अस्पताल/आयुर्वेद अस्पताल/ आयुर्वेद स्वास्थ्य केन्द्र/आयुर्वेद औषधालयको प्रमुख -सदस्य-सचिव"

(३) उपदफा (३) पछि देहायको उपदफा (३क.) थपिएको छः-

"(३क.) देहायका अवस्थामा उपदफा (२) मा रहने मनोनित सदस्यको पद रिक्त हुनेछः-

(क) निजले मन्त्रालय समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको मृत्यु भएमा,

(ग) फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा,

(घ) कार्यक्षमताको अभाव भई मन्त्रालयले पदमुक्त गरेमा।"

४. **<u>मूल आदेशको दफा ४ मा संशोधन</u>**: मूल आदेशको दफा ४ को उपदफा (१) को खण्ड (च) मा रहेको "चिकित्सा सेवा" भन्ने शब्दहरु पछि "आयुर्वेद स्वास्थ्य सेवा" भन्ने शब्दहरु थपिएका छन्।

५. **<u>मूल आदेशको दफा ७ मा संशोधन</u>**: मूल आदेशको दफा ७ को उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः-

"(५) समितिको तत्काल कायम रहेको सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।"

६. **<u>मूल आदेशको दफा ८ मा संशोधन</u>**: मूल आदेशको दफा ८ को उपदफा (७) पछि देहायको उपदफा (८) थपिएको छः-

"(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि समितिले आफ्नो स्रोतबाट तलब भत्ता प्रदान गर्ने गरी करारमा कर्मचारी नियुक्ति गर्दा प्रचलित कानून बमोजिम प्रतिस्पर्धात्मक रुपमा छनौट हुने व्यवस्था मिलाउनु पर्नेछ।"

७. **<u>मूल आदेशको दफा ९ मा संशोधनः</u>** मूल आदेशको दफा ९ को,-

(१) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छः-

"(६) समितिको कोषको सञ्चालन सम्बन्धित अस्पतालको कार्यालय प्रमुख र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।"

(२) उपदफा (६) पछि देहायको उपदफा (७) थपिएको छः-

"(७) यस दफा बमोजिमको कोष सञ्चालन प्रत्येक अस्पताल/आयुर्वेद अस्पताल/आयुर्वेद स्वास्थ्य केन्द्र/आयुर्वेद औषधालयको नामबाट छुट्टा-छुट्टै हुनेछ।"

८. **<u>मूल आदेशको दफा १८ मा सशोधनः</u>** मूल आदेशको दफा १८ को सट्टा देहायको दफा १८ राखिएको छः-

"**१८. <u>खारेजी र वचाउ</u>**ः (१) यो आदेश प्रारम्भ हुनु अघि नेपाल सरकारबाट मिति २०७५/०३/३२ को निर्णय बमोजिम खारेजी भएका तत्कालीन अस्पताल विकास समितिका गठन आदेश बमोजिमका विकास समितिमा कार्यरत कर्मचारी तथा समितिका सम्पूर्ण काम कारबाही यसै आदेश बमोजिम भए गरेको मानिनेछ।

(२) जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र/अञ्चल आयुर्वेद औषधालय सहयोग समिति अनुसार यस पूर्व भए गरेको कामहरू यसै आदेश बमोजिम भए गरेको मानिनेछ।

(३) संघीय सरकारको २०७७/८/१८ को निर्णय अनुसार प्रदेश सरकार मातहत राखी व्यवस्थापन हुने गरी प्राप्त हुन आएका अस्पतालहरु तथा यस पछि

प्राप्त हुने अस्पताल तथा आयुर्वेद स्वास्थ्य संस्थाहरु समेत यसै आदेश बमोजिम सञ्चालन र व्यवस्थापन भएको मानिनेछ साथै त्यस्ता स्वास्थ्य संस्थामा भएको कुनै व्यवस्थापकीय समिति मार्फत भए गरेका कार्य यसै समितिबाट भए गरेको मानिनेछ।"

९. **खारेजी**: मूल आदेशको अनुसूची-१ र २ खारेज गरिएको छ।

**आज्ञाले,**
**यज्ञ प्रसाद ढुङ्गेल**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रु.५।-